नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञसी

नेपाल र बंगलादेशबिचको द्विपक्षीय व्यापार, पारवहन सुविधा, लगानी प्रवर्द्धन, व्यापार सहजीकरण लगायतका विषयमा छलफल गर्ने प्रयोजनार्थ आठौं वाणिज्य सचिवस्तरीय बैठक मिति २०८२ पुस २९-३० गते तदनुसार सन् २०२६ जनवरी १३–१४ का दिन बंगलादेशको राजधानी ढाकामा सम्पन्न भयो। बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले गर्नु भएको थियो भने बंगलादेशको नेतृत्व बंगलादेशका वाणिज्य मन्त्रालयका सचिव श्री महबुबुर रहमानले गर्नुभएको थियो।

उक्त बैठकले सन् २०२४ अप्रिलमा काठमाडौंमा सम्पन्न भएको सातौं बैठकको निर्णय तथा सहमति कार्यान्वयनको प्रगति समीक्षा गरी आगामी सहकार्यका क्षेत्रमा दिशानिर्देश गरेको छ। बैठकमा व्यापार, लगानी, पारवहन, भन्सार सहजीकरण र प्राविधिक सहकार्य सम्बन्धी विषयमा वृहत छलफल भएको थियो। सो क्रममा सचिव डा. घिमिरेले द्विपक्षीय व्यापार अभिवृद्धिका लागि भन्सार एवं गैरभन्सार शुल्क तथा अन्य व्यापार अवरोध घटाउनु तथा हटाउनु पर्ने, द्विपक्षीय भुक्तानी व्यवस्था सहज, छरितो एवं भरपर्दो तुल्याउनुपर्ने र अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति सन्दर्भमा क्षेत्रीय तथा बहुपक्षीय संयन्त्रमा सहकार्य बढाउनु पर्ने विषयमा जोड दिनुभयो। बंगलादेश पक्षबाट पारवहन पूर्वाधार सुदृढीकरण, राजश्व प्रक्रियाको सरलीकरण र व्यापार सहजीकरणमा प्रतिवद्धता व्यक्त गर्दै द्विपक्षीय आर्थिक साझेदारी विस्तारमा जोड दिनु भयो।

बैठकमा Preferential Trade Agreement (PTA) को मस्यौदा, Rules of Origin (RoO) तथा वस्तुको सूचीबारे छलफल तथा वार्ता गरी टुङ्गोमा पुग्न तीन महिनाभित्र Trade Negotiation Committee (TNC) को बैठक नेपालमा आयोजना गर्ने सहमति भयो। यस्तै दुवै पक्षबिच भन्सार प्रक्रियाको सरलीकरण, भुक्तानी प्रणाली सुधार, Sanitary and Phytosanitary measures (SPS) तथा Technical Barriers to Trade (TBT) मा सहकार्य, बजार पहुँच, प्राविधिक कार्यदलको सक्रियता र Government to Government (G2G) तथा Business to Business (B2B) सहकार्य प्रवर्द्धनका क्षेत्रमा पनि सहमति भएको छ ।

उक्त बैठकमा दुवै पक्षबाट ऊर्जा, पर्यटन तथा लगानी क्षेत्रमा सहकार्य विस्तार गर्ने र संयुक्त कार्ययोजना तथा व्यवसायिक भ्रमण आदान-प्रदान मार्फत द्विपक्षीय हित प्रवर्द्धन गर्नुपर्ने विषयमा जोड दिइएको थियो ।बंगलादेशले नेपालबाट जलविद्युत व्यापार प्रवर्द्धन तथा संयुक्त लगानीका अवसर पहिचान गर्ने विषयमा अभिरुची देखाएको थियो। पर्यटन क्षेत्रमा संयुक्त पर्यटन प्रवर्द्धन गतिविधि, नीतिगत समन्वय र हवाई तथा सडक सम्पर्क विस्तार सम्बन्धी विषय समेत छलफल भएको थियो।

बैठक अत्यन्तै मैत्रीपूर्ण र सकारात्मक वातावरणमा सम्पन्न भएको र दुवै पक्षबिच वाणिज्य सचिवस्तरीय आगामी नवौं बैठक नेपालमा सन् २०२७ मा आपसी सहमतिमा मिति तय गरी आयोजना गर्ने सहमति भएको छ। नेपाली प्रतिनिधिमण्डलमा बंगलादेशका लागि महामहिम नेपाली राजदुत र राजदुतावासका अन्य पदाधिकारीको साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयका पदाधिकारीको समेत सहभागिता रहेको थियो भने बंगलादेशको प्रतिनिधिमण्डलमा विभिन्न मन्त्रालय तथा निकायको सहभागिता रहेको थियो ।

मिति २०८२ माघ २ गते शुक्रबार.
नेपाल सम्वत् ११४६ ।

(नारायण प्रसाद अर्याल)
सहसचिव

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np